Total No. of Printed Pages—7

**X/18/N**

**2 0 1 8**

# NEPALI

( INDIAN LANGUAGE )

**( CANDIDATES WITH INTERNAL ASSESSMENT )**

*Full Marks* : 80
*Pass Marks* : 24

**( CANDIDATES WITHOUT INTERNAL ASSESSMENT )**

*Full Marks* : 100
*Pass Marks* : 30

*Time* : 3 hours

( For Both Categories of Candidates )

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

(iii) Question Nos. **1** to **13** are to be answered by both Regular and Private Candidates.

(iv) Question Nos. **14** and **15** are to be answered only by Private Candidates without Internal.

**1.** थोरै शब्दहरूमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) हरि र सानी को हुन्?

(ख) हरिले केको फित्कौली बनाएर कसलाई हान्थ्यो?

(ग) उपन्यास अनुसार हरि कुन गाउँको बासिन्दा हो?

(घ) सुबेदारको घरमा काम गर्ने मान्छे कहाँ जाने भयो?

(ङ) सानीको ससुरो कस्तो मानिस थियो?

(च) भिक्टोरिया फल्स बाटामुनि घाँसीले के गीत गाइरहेको थियो?

(छ) 'माइतघर' उपन्यास कसले लेखेका हुन्?

**2.** 'माइतघर' उपन्यासको आधारमा हरि र सानी-को बाल्यकालको वर्णन गर। 5

**अथवा**

हरिको चरित्र चित्रण गर।

**3.** कुनै **दुइ** प्रश्नहरूका उत्तर लेख : 7×2=14

(क) 'अल्झेको इच्छा' कथामा बाबुको इच्छा केमा र किन अल्झेको थियो? कथाको आधारमा वर्णन गर।

(ख) 'परिबन्द' कथामा रने परिबन्दमा फसेका कारणहरू के-के हुन्? बुझाएर लेख।

(ग) डा० पारसमणि प्रधानलाई किन व्याकरणाचार्य भन्न सकिन्छ? उनले लेखेका कृतिहरूका नाम लेख।

(घ) 'नासो' कथामा सुभद्राले आफ्नो प्राणभन्दा पनि प्यारो घर किन छोड्नु पर्‍यो? पाठको आधारमा स्पष्ट पार।

**4.** छोटकरीमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) विनयी व्यक्ति कस्ता हुन्छन्?

(ख) नेपाली भाषा कसरी हुर्किएको भाषा हो?

(ग) रनेको कोसित किन झगडा भएको थियो?

(घ) हरगोविन्द खुरानासँगै अरू क-कसले नोबेल पुरस्कार पाए?

(ङ) डा० पारसमणि प्रधानको जन्म कहिले र कहाँ भएको थियो?

**5.** थोरै शब्दमा उत्तर देऊ (कुनै **पाँच**) : 1×5=5

(क) 'सू० ध० पा०' भनेको के हो?

(ख) कुन अवस्थामा शिक्षा साँघुरिँदै जान्छ?

(ग) हाम्रो देशको विभाजन कहिले भएको हो?

(घ) 'वंशावली' भनेको के हो?

(ङ) 'परिबन्द'-को अर्थ के हो?

(च) आमाले छोरोलाई किन डाक्टर बनाउन खोज्दिनन्?

(छ) देवीरमण सन्तानविनाको वैभवलाई के सम्झन्थे?

**6.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 5

(क) ''शिक्षाको मूल उद्देश्य खालि जीवन-यापन गर्नु वा जीविका चलाउनु मात्र नभई जीवनलाई सौरभमय बनाई सार्थक पार्नु हो।''

(ख) ''खाएको बिख पो लाग्छ हजूर, नखाएको बिख त नलाग्नु पर्ने हजूर।''

(ग) ''यस्तो पत्रिकाको हामीलाई खाँचो छैन, यसले भाषाको अधोगति पार्छ।''

**7.** कुनै **एउटा** कविताको सारांश लेख : 7

(क) 'गौँथलीको चिरिविरि'—लेखनाथ पौड्याल

(ख) 'स्वीटफल्स'—गोपीनारायण प्रधान

(ग) 'अधिकार र कर्त्तव्य'—कृष्णप्रसाद ज्ञवाली

**8.** संक्षेपमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) 'सञ्चयरोग' भनेको के हो? यो शब्द कुन पाठबाट लिएको हो?

(ख) 'कविप्रति' कवितामा कविले मानवनन्दनप्रति के देखाउने चेष्टा गरेका छन्?

(ग) "'वाइसिकल'-को ट्यूब जस्तो, यो जीवन कति टिठलाग्दो छ।" यस भनाइको अर्थ के हो?

(घ) "हे कवि हो, जीवनको निम्ति नगाओ चिहानको निम्ति मात्रै गाओ।" यस भनाइको अर्थ स्पष्ट पार।

(ङ) 'गरीब' कवितामा कवि के लिइकन कहाँ-कहाँ घुमीकन घर फर्कन्छन्?

**9.** अति संक्षेपमा उत्तर देऊ (कुनै **पाँच**) : 1×5=5

(क) 'बटुवा' भनेको के हो?

(ख) 'जीवन : एक दृष्टि' कवितामा कविले मानिसको जीवनलाई केसित तुलना गरेका छन्?

(ग) 'स्वीटफल्स'-मा कुन चरी नाच्दछे?

(घ) 'चेतन चोला' भनेको के हो?

(ङ) 'समीर' र 'प्रभाकर'-को अर्थ खोल।

(च) भानुभक्तको गुँड कहाँ थियो?

(छ) चक्कालाई के नगरी सुख छैन?

**10.** कुनै **एउटा** उखानको अर्थ खोल्दै व्याख्या गर : 3

(क) बजाउन जाने पो बज्छ मुरली

(ख) मुखमा राम राम बगलीमा छुरा

(ग) साँचो डग्दैन, झूठो तग्दैन

**11.** (क) सन्धिविच्छेद गर : ½+½=1

नमस्कार ; सूर्योदय।

(ख) धातु र प्रत्यय छुट्याएर देखाऊ : ½+½=1

हँसिलो ; उठी।

(ग) विशेषण बनाऊ : ½+½=1

गोर्खा ; दूध।

(घ) उल्टो शब्द लेख : ½+½=1

स्वाधीन ; सक्रिय।

(ङ) समोच्चारित शब्दको अर्थ खुलस्त पार : ½+½=1

क्रिया ; किरिया।

(च) एउटै शब्दमा लेख : ½+½=1

*(i)* तारो हान्न सिक्ने काम

*(ii)* जो बेकाममा हिंडिरहन्छ

**12.** निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

क्रोध विवेकको शत्रु हो। क्रोध एक प्रकारको प्रचंड आँधि हो। जसरी आँधिमा कुनै पनि कुरा सुनिंदैन त्यसरी नै क्रोध आयो भने शुभचिन्तकको राम्रो कुराहरू पनि सुनिंदैन। यसैकारण यस्तो आँधि आएको बेला बाहिरबाट सहायता पाउन असम्भव हुन्छ। यदि केही सहायता पाउन सक्छ भने भित्रबाट मात्रै पाउन सक्छ। अतएव यो उचित हुन्छ कि हामीले पहिल्यैबाट विवेक, विचार औ चिन्तनलाई आफ्नो हृदयमा आत्मसात् गरेर राखौं ताकि क्रोधरूपी आँधि आएको वेला भित्रैबाट सहायता लिन सकौं। यदि कुनै नगरलाई कुनै बलवान शत्रुले घेऱ्यो भने त्यसबेला बाहिरबाट कुनै पनि चीज-बिज भित्र आउन सक्दैन। त्यसबेला जो चीज भित्र छ त्यही काम आँउछ। क्रोध यति साह्रो नराम्रो विकार हो कि यसले सुविचारलाई जरैबाट नष्ट गर्ने चेष्टा गर्दछ। त्यो विष भन्दा पनि धेरै हानिकारक छ, किनभने यसको नशामा के राम्रो के नराम्रो ज्ञानै हुँदैन। क्रोधांध भएपछि बाहिरी सहायता पाइँदैन। यसैकारण हृदयभित्र सुविचार, विवेक औ चिन्तनलाई आत्मसात् गरेर राख्नु पर्छ।

(क) विवेकको शत्रु को हो? 1

(ख) क्रोध के हो? 1

(ग) क्रोध कस्तो विकार हो? 1

(घ) क्रोधबाट बाच्नलाई हामीले के-के गर्नु पर्छ? 1

(ङ) यस अनुच्छेदको सुहाउँदो शीर्षक लेख। 1

**13.** निबन्ध लेख (कुनै **एक**) : 8

(क) पर्यावरण

(ख) दूरदर्शन

(ग) प्राकृतिक प्रकोप

(घ) गोर्खालैण्ड

(ङ) स्वास्थ्य-रक्षा

## [ For Candidates without Internal Assessment ]

**14.** अति संक्षेपमा उत्तर लेख : 1×10=10

(क) सबै कुराले भरिपूर्ण हुँदा-हुँदै पनि देवीरमण किन खिन्न थिए?

(ख) पानी खुवाउने हुँदा रनेको जीउमा रगत कहाँ कहाँ लाग्यो?

(ग) शिक्षाको लक्षण के हो?

(घ) पारसमणि प्रधानका माता तथा पिताको नाउँ लेख।

(ङ) 'कल्पतरुको खोज' भनेको के हो?

(च) 'भौतिक सम्पत्ति' भनेको कस्तो सम्पत्ति हो?

(छ) 'पीयूष' र 'सौरभ'-को अर्थ लेख।

(ज) 'अमृत-जिह्वा' भनेको के हो?

(झ) तेह्र वर्ष पछि कुन महिनामा रत्ना र सानी सुबेदारका घर आए?

(ञ) अन्तिम समयमा सानीले हातमा के लिएर घर छोडी?

**15.** (क) खाली ठाउँ भर : 1×5=5

*(i)* कुनै शब्दको अन्त्यमा जोडिएर एउटा विशेष प्रकारको अर्थ बुझाउने अक्षरहरूको समूहलाई ______ भनिन्छ।

*(ii)* जुन शब्दको रूप कहिल्यै बदलिंदैन, त्यस्तो शब्दलाई ______ भनिन्छ।

*(iii)* सानीको लोग्ने ______ थियो।

*(iv)* देवीरमण ______ भनेको सुन्नेवित्तिकै आत्मग्लानीले पानी हुन्थे।

*(v)* 'जीवन : एक दृष्टि' कविता ______ रचेका हुन्।

(ख) कोष्ठमा भएको सही शब्द छानी वाक्य पूरा गर : 1×5=5

*(i)* 'परिबन्द' कथामा भएको विचारीको नाउँ (पुष्कर शमशेर/पद्मनिधि लामिछाने) हो।

*(ii)* 'अल्झेको इच्छा' कथाका लेखक (पद्मबहादुर क्षत्री/नरबहादुर राई) हुन्।

*(iii)* 'स्वीटफल्स' (शिशिर/वसन्त) ऋतुमा प्रायः मरेको जस्तो देखिन्छ।

*(iv)* चन्द्रमणि अधिकारीले लेखेको कविता (भानुभक्तप्रति/कविप्रति) हो।

*(v)* सानीको सबैभन्दा प्यारो नन्द (काहिँली/साहिँली) नन्द हो।

★★★